## मिति २०७९ साल असार ३१ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. समिक्षा सम्बन्धमा।

२. आर्थिक बर्ष ०७८/७९ को समिक्षा सम्बन्धमा।

३. आर्थिक बर्ष ०७८/७९ को आर्थिक दायित्व सम्बन्धमा।

४. अपांग समन्वय समिति सम्बन्धमा।

५. कर्मचारी पदपूर्ती सम्बन्धमा।

६. कर्मचारी छनौट समिति सम्बन्धमा।

७. करार सेवा नविकरण सम्बन्धमा।

८. ठेक्का म्याद थप सम्बन्धमा।

९. विविध सम्बन्धमा।

**निर्णयहरु:-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ मा सम्पादित क्रियाकलाप तथा सेवा प्रवाहको सम्बन्धमा समिक्षा गरी आगामि आर्थिक बर्षमा सम्पादन हुने क्रियाकलाप तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाई शुसासन, मित्तव्ययीता तथा जवाफदेहिता कायम गर्न देहाय बमोजिम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) गाउँपालिकागत तथा वडागत रुपमा त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने।

ख) सूचनाको हकको प्रत्याभुत गराउन नियमानुसार स्वतः प्रकाशन प्रकाशन गर्ने।

ग) गाउँपालिकाले अख्तियार गरेको नीति तथा कार्यक्रम र आर्थिक ऐन अनुसार नागरिक वडापत्रको परिमार्जन गरी, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयहरुमा सेवाग्राहिहरुले स्पष्ठ देखिने गरी राख्ने व्यवस्थापन मिलाउने ।

घ) सेवाग्राहिहरुको गुनासो सुन्नका लागि गाउँ कार्यपालिकामा गुनासो अधिकारी तथा गुनासो सुनुवाई कक्षको व्यवस्थापन गर्ने ।

ङ) गाउँ कार्यपालिका बैठक तथा तथा सेवा प्रवाह सम्बन्धी सूचना प्रवाहलाई व्यवस्थित गर्न गाउँपालिका प्रवक्ताको व्यवस्थापन गर्ने ।

च) उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को नियम १३ अनुसार उपभोक्ता समिति गठन सँगै सोहि आम भेलाबाट एक आयोजना अनुगमन समितिको गठन गर्ने व्यवस्था मिलाउने ।

छ) गाउँपालिका प्रहरी ऐन तथा नियमावलीले तोके बमोजिमको पालिका प्रहरीले सम्पादन गर्नु पर्ने कार्यहरुलाई थप व्यवस्थित बनाउन पालिका प्रहरीको उचित परिचालन गर्ने ।

ज) कार्यालयगत तथा शाखागत काम कारवाहीको प्रकृतिका आधारमा कर्मचारीहरुको उचित व्यवस्थापन मिलाउने ।

झ) आयोजना सम्झौता, फरफराकलाई व्यवस्थित बनाउने ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ मा देहाय बमोजिमका कार्यक्रम तथा आयोजनाहरुको कार्य सम्पन्न भएतापनि समयमा बजेट निकासा नभएको कारणले भुक्तानि हुन बाँकि रहेका तथा सोहि कार्यक्रम तथा आयोजनाबाट भुक्तानि हुँन बाँकि रहेको रकम आर्थिक बर्ष ०७९/८० मा नगद मौज्दात हुने हुँदा आर्थिक बर्ष ०७९/८० मा सोहि नगद मौज्दातबाट कार्यान्वयन तथा व्यवस्थापन गर्ने र आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | स्रोत | भुक्तानि हुन बाँकि बजेट | आगामि आर्थिक बर्षको स्रोत |
|---|---|---|---|---|
| १ | महाकाल सिचाई पाईप खरिद, लिखु ५ | समानिकरण अनुदान, जि.स.स. | ३९,६६६।०० | आन्तरीक स्रोत (नगद मौज्दात) |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रतिक्षालय निर्माण योजना, लिखु ७ | समानिकरण अनुदान, जि.स.स. | ७४,८१०।०० | आन्तरीक स्रोत (नगद मौज्दात) |
| ३ | प्रधानमन्त्री रोजगार साझेदारी योजना, लिखु ३ | समानिकरण अनुदान, जि.स.स. | ११४,०००।०० | आन्तरीक स्रोत (नगद मौज्दात) |
| ४ | मगर सेरा कुलो मर्मत योजना, लिखु ३ | समानिकरण अनुदान, जि.स.स. | ११३,५००।०० | आन्तरीक स्रोत (नगद मौज्दात) |
| ५ | मसला बारी प्रवर्धन कार्यक्रम | आन्तरिक स्रोत | १३६,७५०।०० | आन्तरीक स्रोत (नगद मौज्दात) |

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा माथि आवश्यक छलफल गर्दा अपांग भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को नियम ६ अनुसार समन्वय समिति सदस्यमा कार्यपालिका सदस्य श्री अम्बिका वि.क.लाई मनोनयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिका तथा अन्तरगतका कार्यलयमा दरबन्दी अनुसार रिक्त रहेका आवश्यक कर्मचारीहरु सेवा करार मार्फत पदपूर्ती गर्न देहाय अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) सेवा करार मार्फत पदपूर्ती गर्ने आवश्यक कर्मचारीहरुको विवरण

| क्र.स. | पद | तह | संख्या | सम्बन्धी कार्यालय |
|---|---|---|---|---|
| १ | रोजगार सहायक | पाचौँ तह वा सो सरह | १ | रोजगार सेवा केन्द्र |
| २ | कम्प्युटर अपरेटर | पाचौँ तह वा सो सरह | १ | कार्यपालिकाको कार्यालय |
| ३ | स्टाफ नर्स | पाचौँ तह वा सो सरह | १ | गाम्नांटार स्वास्थ्य चौकी |
| ४ | अ.न.मि. | चौथो तह वा सो सरह | १ | आ.स्वा.के. हुलाकचौर |

ख) स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड, २०७८ को नियम ३ अनुसार पदपूर्ती समितिमा विषय विज्ञको रुपमा यस कार्यालयका रोजगार संयोजक श्री शन्तोष खड्कालाई मनोनयन गर्ने।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ को नियम ५ अनुसार कर्मचारी छनौट समिति देहाय अनुसार पुन तर्जुमा गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

संयोजक – श्री दिनानाथ चौधरी (नि. प्रमुख प्रशासकीय अधिकृत)

सदस्य – श्री विपना श्रेष्ठ (प्रशासन अधिकृत)

सदस्य – श्री द्रोण कुमार धमला (सूचना प्रविधि अधिकृत)

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा बिशेष कार्यक्रम (रोजगार सेवा केन्द्र र सूचना प्रविधि शाखा)मा कार्यरत कर्मचारीहरुको २०७९/०४/०१ गते देखि २०८० असार मसान्त सम्मका लागि करार सम्झौता नविरकरण गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा सम्झौता बमोजिम समयमा नै कार्य सम्पन्न हुन नसकेका ठेक्काको म्याद थप सम्बन्धमा मिति २०७९/०३/२० गतेको कार्यपालिकाको निर्णयानुसार म्याद थपका लागि पेश भएका निवेदन उपर छलफल गरी देहाय बमोजिम कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) प्रदेश तथा संघीय समपूरक कोषबाट सञ्चालित देहायका विवरण भएका ठेक्काहरुको मिति २०७९ मंसिर २९ गते सम्मका लागि ठेक्का म्याद थप गर्ने।

| क्र.स. | आयोजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | आ.व. ०७८/७९ भुक्तानि भएको रकम | आ.व. ०७९/८० मा थप दायित्व हुने रकम |
|---|---|---|---|---|---|---|
| १ | बिचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना, लिखु २, ३ र ४ | LRM/NCB/Road/2078/79-06 | Samata Engineering Pvt. Ltd., Manebhangyang-04 Ketuke, Okhaldhunga | ७५१५२११।१७ | ४५१५०२५।०० | ३०००१८६।१७ |
| २ | भञ्ज्याङ्ग माहोरडाँडा सडक निर्माण योजना, लिखु ८ र ९ | LRM/NCB/Road/2078/79-03 | Bishnu & Krishna Construction Pvt. Ltd., Kageshwori Manohara-7 Kathmandu | ४८३६०८०।९६ | ४४१७१७।०० | ४३९४३६३।९६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | राम्चा बाघखोर डाँडा सडक निर्माण, लिखु १ | LRM/NCB/Road/2078/79-04 | Samata Engineering Pvt. Ltd., Manebhangyang-04 Ketuke, Okhaldhunga | ३९३९३३५।३६ | २२६६६२१।०० | १६७२७१४।३६ |
| | | | | | जम्मा | ९०६७२६४।४९ |

ख) माथि उल्लेखित आयोजनाहरुको म्याद थप पश्चात सिर्जना हुने थप आर्थिक दायित्वका सन्दर्भमा थप हुने बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघसँग पत्राचार गर्ने।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।